# स्थानिय संघर्ष समिति

हेटौंडा-९, मकवानपुर

मिति : २०८१/१०/२४

श्रीमान् महाप्रवन्धक ज्यू
हेटौंडा सिमेण्ट उद्योग लि.

बिषयः ध्यानाकार्षण गराईएकको बारे ।

नेपाली नागरिकको लागि रोजगार सृजना र राष्ट्को लागि आर्थिक सम्वृद्धि ढोका खोल्ने उद्देश्यले बि.स.२०३३ साल आश्विन १३ गते स्थापना गरिएको देशकै दोस्रो ठुलो हेटौंडा सिमेण्ट उद्योगको कुल लागत १ अर्ब ३३ करोडमा स्थापना भएको उद्योग आजका दिन सम्म महालेखाको प्रतिवेदन अनुसार उद्योगको संरचना सहित ५५ अर्बको रहेको जानकारी भए अनुसार हाल बन्द हुने अन्तिम अवस्थामा पुगी सकेको स्थानिय बासिन्दाहरुले महसुस गरेका छौं । यो उद्योग बन्द हुदा यो ९ नं. वडाको लागि त ठुलो क्षेती त छदै छ वरीपरीका वडा,जिल्ला र राष्ट्कै लागि अकल्पनिय क्षेती व्यहोर्नु पर्ने अवस्था आउँछ यसको जिम्मा कस्ले लिने ? यो उद्योग वन्द हुनुमा दोषी को ? नेपाल सरकारले नियुक्ति गरेका महाप्रवन्धक बाट यसको जवाफ नेपाली जनता र वडावासीले पाउँनु पर्छ र उद्योग सुचारु रुपले संचालन हुनु पर्छ भन्ने स्थानिय संघर्ष समितिको पहिलो माग हो ।

बिगत केहि वर्ष देखि वडाबासीले उद्योगको सम्वन्धमा सुक्ष्म ढंगबाट हेर्दै आई रहेकाछौं । तर उद्योग बिस्तारै धरासायि हुदै हुदैं अहिले लगभग ६ महिना देखि उत्पादन बन्द छ अहिले पनि उद्योग संचालन हुने सुनिश्चित देखिदैन । उपभोक्ताहरुको बिश्वास जित्न सफल गुणस्तर हेटौंडा सिमेन्टको माग बजारमा अहिले पनि उतिकै छ तर यस्तो माग हुने विश्वस्नीय सिमेण्ट उत्पादन गर्न किन कन्चुस्यांई गर्दैछ उद्योग व्यवस्थापन ? हामीलाई संखा छ बर्तमान व्यवस्थापनले उद्योग निजीकरणमा लैजाने षडयन्त्र त होईन? कुनै मालिकको हातमा सुम्पने योजना त होईन ? निजी सिमेण्ट उद्योग संगको मिलेमत्तो त होईन ? नत्र यतिका महिना सम्म उद्योग चलाउने कुनै योजना नबनाई उद्योगको कामको शिलशिलामा भन्दै महाप्रन्धक उद्योगमा भन्दा काठमाण्डौमा धेरै दिन बिताउने, ३०-३५ औं बर्ष सम्म उद्योगमा कार्यरत गरिएका कर्मचारी साथीहरुले उद्योगलाई जिवित राख्न गरेको आफ्नो परिश्रम बापत पाउनु पर्ने निवृत्त भरणको रकम ३ वर्ष देखि अवकास प्राप्त मजदुर तथा कर्मचारीहरुको भुक्तानी नगरि आफ्नो तलव भत्ता, सेवा सुविधा खाने र दिन बिताउने, जनगुनासो पाएका छौं । तसर्थ अवकास प्राप्त कर्मचारीहरुको पाउँनु पर्ने सेवा सुविधा अविलम्व भुक्तानी गर्नु पर्ने छ र उद्योग पनि तत्काल संचालनमा ल्याउनु पर्ने छ ।

आज देशको २ वटा ठुलो हेटौंडा सिमेण्ट र उदयपुर सिमेण्ट बन्दको असर प्रत्येक्ष रुपमा उपभोक्ता जनमानसमा परेको कुरा केहि दिन अगाडी निजी सिमेण्ट कम्पनीले जनताको ढाड सेक्ने गरि सिमेण्टको मुल्य वृद्धि भएको कुरा कसै संग छिपेको छैन । उद्योग व्यवस्थापनको कार्यगत असक्षमता र अकुशलता तथा उद्योग संचालक समितिको मौनताको सिकार आज सिंगो उद्योग बन्द भएको र उद्योगका क्रियाशिल ट्रेड युनियनहरु उद्योग संचालनको सवालमा यो बिसभ परिस्थितिमा समेत एकता हुनु नसक्नु पनि खेद पुर्ण छ । यस्तो अवस्थामा राज्यको जिम्मेवार व्यक्ति देखि उद्योग संचालन गर्छु भनेर जिम्मा लिएर आउँने महाप्रवन्धक निकम्वा (असक्षम) सावित भएको छ । सरकारी उद्योग बजारभाउ नियन्त्रणको लागि जिवित रहनु पर्छ र जिवित राख्नु पर्छ भन्ने प्रमाणित भएको छ । यसैको सेरोफेरोमा रहेर यो उद्योग कुनै पनि हालतमा जस्तो सुकै मुल्य चुकायर भए पनि यस हेटौंडा उपमहानगरपालिका ९ नं. वडाको एउटा आर्थिक समृद्धिको पाटोमा रहेको सरकारी संस्था हेटौंडा सिमेण्ट उद्योग जिवित राख्नु पर्छ श्रमिक,कर्मचारीहरुको रोजीरोटी खोसिनु हुदैन रोजगारको ढोका बन्द गरिनु हुदैन भन्ने उद्देश्यले हेटौंडा सिमेण्ट बचाउँन स्थानिय संघर्ष समिति गठन भएको छ । नेपाल सरकारको पहिलो पुर्ण स्वामित्वमा रहेको हिमाल सिमेण्ट चोभार,

काठमाण्डौमा बन्द हुदा आज काठामाण्डौबासी र त्यसका वरपर जिल्लावासीहरुले महङ्गोमा सिमेण्ट किन्न बाध्य भएको कुरा हामी कसैबाट छिपेको छैन । यसै गरि नेपालको ठुला उद्योगमा मानिने १ हजार भन्दा बढीको संख्यामा रोजगारको क्षेत्रमा सहयोग पुऱ्याउँदै आएको हेटौडा कपडा उद्योग लि. २०५५/२०५६ मा बन्द हुदा आज हेटौडाको मात्र नभै देशकै बढ्दो वेरोजगार समस्या र राष्ट्रकै आर्थिक समृद्धिमा पनि ठुलो धक्का पुग्न गई एकाएक युवाहरु विदेश पलायन हुनु स्थानिय स्तरमा प्रत्यारी असर देखिएको कुरा सायदै कसैले नकार्न नसकिएला । भोलीका दिनमा यस हेटौंडा सिमेण्ट उद्योग बन्द हुने हो भने समृद्धि र रोजगारको ढोका बन्द हुने कुरा निश्चित छ । त्यसैले नेपाल सरकारको स्वामित्वमा रहेको यस उद्योग तत्काल संचालन गर्नको निमित्त यस स्थानिय संघर्ष समिति जोडदार माग गर्दछ ।

अतः माहाप्रवन्धक ज्यू,
यिनै उदारणहरु मध्यनजर गर्दै तत्काल अवस्थामा हेटौंडा सिमेण्ट उद्योललाईग संचालन गर्न वर्तमान राज्यको निकायको तर्फबाट उद्योग चलाउन प्रमुख भुमिकाको निर्वाह गरि दिनु हुन विनम्र अनुरोधका साथ हामी वडा सरकार, स्थानिय राजनितिक दलहरु, स्थानिय सामाजिक संघ सस्थाहरु, स्थानिय बासिन्दाहरु, उद्योग प्रति शुभेच्छुक, शुभचिन्तकहरु र हामी स्थानिय संघर्ष समिति गम्भिर ध्यानाकार्षण गराउँदछौं ।

यधपी स्थानिय संघर्ष समितिको माग लाई सम्बोधन नगरी बे-वास्था गरी ७ (सात) दिन भित्र उद्योग संचालन नगरिएमा कडा भन्दा कडा दोस्रो चरणको आन्दोलन गर्न वाध्य हुने व्यहोरा जानकारी गराउँदछौ । साथै यसबाट हुने प्रतिकुल अवस्थाको जिम्मेवार स्वयम् (उद्योग व्यवस्थापन) नै हुने जानकारी समेत गराउँदछौ ।

बोधार्थ :

१. माननिय मन्त्री ज्यू
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिहंदरवार, काठमाण्डौ ।

२. श्री उद्योग सचिव ज्यू
उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालय, सिहंदरवार, काठमाण्डौ ।

३. श्री नगर प्रमुख ज्यू
हेटौडा उपमहानगरपालिका,हेटौंडा ।

४. श्री अध्यक्ष ज्यू
संचालक समिति,हे.सि.उ.लि.।

५. श्री अध्यक्ष ज्यू
९ नं. वडा कार्यालय

६. श्री नेकपा (एमाले) जिल्ला कार्य समिति,हेटौंडा, मकवानपुर ।
७. श्री नेपाली काग्रेस, जिल्ला कार्य समिति,हेटौंडा, मकवानपुर ।
८. श्री नेकपा (माओवादी केन्द्र), जिल्ला कार्य समिति,हेटौंडा, मकवानपुर ।
९. श्री रा.प्र.पा., जिल्ला कार्य समिति,हेटौंडा, मकवानपुर ।
१०. श्री रा.स्व.पा., जिल्ला कार्य समिति,हेटौंडा, मकवानपुर ।
११. श्री ने.क.पा.(एकिकृत समाजवादी) जिल्ला कार्य समिति,हेटौंडा, मकवानपुर ।

स्थानिय संघर्ष समिति २०८१ हेटौंडा-९

स्थानिय संघर्ष समिति
हेटौंडा-९,मकवानपुर